नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठज्यूको संयोजकत्वमा रहेको राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन आर्थिक वर्ष (२०८१/८२, २०८२/८३ र २०८३/८४) को राष्ट्रिय स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरेको छ। सो अनुसार राष्ट्रिय योजना आयोगले संवैधानिक निकाय, विषय क्षेत्रगत मन्त्रालय, प्रदेश सरकार, स्थानीयतह तथा सङ्घीय सञ्चित कोषबाट व्ययभार हुने निकायहरूका लागि आगामी तीन आर्थिक वर्षको खर्चको सीमा तथा स्रोतसँगै मध्यमकालीन खर्च संरचनाको खाका तथा बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन र ढाँचा समेत सम्प्रेषण गरिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको व्यवस्था अनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि समष्टिगत तथा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण तथा स्रोत अनुमान तयार गर्दा देहायका विषयवस्तुलाई प्रमुख आधारको रूपमा लिएको छ ।

१. नेपालको संविधानमा उल्लेखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू,

२. आगामी सोह्रौं योजनाका सोच, उद्देश्य, समष्टीगत तथा रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू,

३. नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ तथा चालु वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रमका निरन्तरता दिनुपर्ने र राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू,

४. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन तथा मिति २०८०/७/१३ को सुझाव कार्यन्वयन सम्वन्धी २२ बुँदे निर्णयहरू एवम् महालेखा परिक्षकको बार्षिक प्रतिवेदन र सुझावहरू,

५. राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद् तथा राष्ट्रिय विकास समस्या समाधान समितिका निर्णयहरू र वर्तमान सरकारको एक वर्षको प्रगति समीक्षा तथा प्राथमिकताका कार्यक्रमहरू,

६. राष्ट्रप्रमुख तथा सरकार प्रमुखबाट समय-समयमा व्यक्त भएका विचार र मार्गनिर्देशन,

७. संसदीय समितिबाट भएका निर्देशन तथा सरकारले गरेका प्रतिवद्धता तथा सर्वोच्च अदालतका नजिर तथा आदेशहरू,

८. चालु आथिक वर्षको मध्यमकालीन खर्च संरचना तथा राष्ट्रिय श्रोत अनुमान समितिको प्रतिवेदन, २०८०,

९. दिगो विकास लक्ष्य प्रासिका सूचक र विकासशील राष्ट्रमा स्तरोन्नतिको तयारी तथा अन्य क्षेत्रसँग सम्बन्धित अन्तराष्ट्रिय प्रतिबद्धताहरू,

१०. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ एवम् सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,

११. आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८०, सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०७८, र आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०,

१२. समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७

१३. मुलुकको अर्थतन्त्रको वर्तमान अवस्था र आगामी परिदृष्य तथा अन्य विषय क्षेत्रगत नीति, रणनीति, योजना तथा गुरुयोजना।

राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण गर्दा समितिले आगामी तीन आर्थिक वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को आर्थिक वृद्धिदर क्रमशः ६.० प्रतिशत, ६.५ प्रतिशत र ७.० प्रतिशत रहने अनुमान गरेको छ। यसैगरी तिनै आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीति ५.५ प्रतिशतको सीमाभित्र

रहने अपेक्षा गरिएको छ। आगामी तीन वर्षको मध्यमकालीन आर्थिक खाकामा उल्लेखित परिसूचक देहाय अनुसार रहने अनुमान गरिएको छ।

**तालिका १: मध्यमकालीन समष्टिगत आर्थिक खाका**

| क्र.स. | सूचक | एकाइ | २०७९/८० को यर्थाथ | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| १ | आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) | प्रतिशत | १.९ | ४.७ | ६.० | ६.५ | ७.० |
| २ | मुद्रास्फीति | प्रतिशत | ७.७ | ६.० | ५.५ | ५.५ | ५.५ |
| ३ | राजस्व वृद्धिदर | प्रतिशत | - | - | १६.४ | १६.८ | १७.३ |
| ४ | कुल राजस्व(कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १८.८ | २०.२ | २१.१ | २२.० | २२.९ |
| ५ | आन्तरिक ऋण (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ४.८ | ४.० | ४.४ | ४.५ | ४.५ |

स्रोतः राष्ट्रिय स्रोत अनुमान समिति, २०८०

आगामी तीन वर्षको लागि प्रक्षेपित आर्थिक वृद्धिदरको लक्ष्य र विषयक्षेत्रबाट अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक पर्ने खर्च र सोका लागि उपलब्ध हुन सक्ने स्रोतको प्रारम्भिक अनुमान तयार गरिएको छ। अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरण समेत विश्लेषण गरी खर्च सीमा तथा स्रोत निर्धारणमा प्रक्षेपित आर्थिक वृद्धिदर, मुद्रास्फीति,

राजस्व तथा वैदेशिक सहायता र आन्तरिक ऋण परिचालनलाई आधार लिइएको छ। वैदेशिक सहायताको अनुमान अर्थ मन्त्रालयबाट प्राप्त विवरणमा आधारित रहेको छ। आन्तरिक ऋणको सीमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ४.५ प्रतिशत रहने अनुमान गरिएको छ। वित्तीय हस्तान्तरणतर्फ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजस्व बाँडफाँट एवम् प्रदेश र स्थानीय तहको खर्चको अवस्था र आवश्यकताका आधारमा मुद्रास्फीति समेतलाई दृष्टिगत गरी हस्तान्तरण हुने रकमको अनुमान गरिएको छ।

राष्ट्रिय स्रोतको आगामी तीन वर्षको अनुमान तथा प्रक्षेपण तालिका २ मा प्रस्तुत गरिएको छ।

### तालिका २ःराष्ट्रिय स्रोतको आगामी तीन वर्षको अनुमान तथा प्रक्षेपण

(रकम रू. अर्बमा)

| सि.नं. | विवरण | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|---|
| १ | नेपाल सरकारले संकलन गर्ने कुल राजस्व | १४०० | १६३५ | १९१७.५ |
| २ | संघीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व | १५५ | १८२ | २१३.९ |
| ३ | नेपाल सरकारले परिचालन गर्ने राजस्व (१-२) | १२४५ | १४५३ | १७०३.६ |
| ४ | वैदेशिक सहायता | २६० | ३१२ | ३७४.४ |
| | अनुदान | ५० | ६० | ७२ |
| | ऋण | २१० | २५२ | ३०२.४ |
| ५ | आन्तरिक ऋण | २९५ | ३३५ | ३७७ |
| ६ | नेपाल सरकार (सङ्घ)को कुल स्रोत (३+४+५) (सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व बाहेक) | १८०० | २१०० | २४५५ |

स्रोतः राष्ट्रिय स्रोत अनुमान समिति, २०८०

फोनः ०१-४२११०३२, ४२११९३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-
सिंहदरबार, काठमाडौं

वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समष्टिगत आर्थिक परिवेश, चालु आर्थिक वर्षको अर्धवार्षिक बजेट समीक्षाले खर्च तथा स्रोतमा गरेको संशोधनका साथै आ.व. २०८१/८२ देखि कार्यान्वयनमा आउने सोह्रौं योजनाको **सुशासन, सामाजिक न्याय तथा समृद्धि**को सोच हासिल गर्न योगदान पुऱ्याउने रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रम मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना गर्ने कार्यक्रम/आयोजनालाई प्राथमिकता दिएर स्रोत तथा खर्च सीमा निर्धारण गरिएको छ। यस अनुसार आ.व. २०८१/८२, २०८२/८३ र २०८३/८४ मा नेपाल सरकारको कुल स्रोत क्रमशः रू. १८०० अर्ब, २१०० अर्ब र २४५५ अर्ब रहने प्रारम्भिक अनुमान रहेको छ।

आगामी तीन आर्थिक वर्षको बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना सम्वन्धी अनुमानित खर्च तथा स्रोत सम्वन्धी विवरणबाट आगामी सोह्रौं योजनाको सोच, उद्देश्य, रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमको कार्यान्यनमा योगदान पुग्नेगरी विषयगत मन्त्रालय/निकायको मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्न सहयोग गर्ने र प्रदेश तथा स्थानीय तहको बार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमाको लागि समेत नीतिगत मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

फागुन ६, २०८०

यमलाल भूसाल,
सह-सचिव एवम् प्रवक्ता

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np